राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

**केन्द्रिय कार्यालय, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल, फोनः ४२५२५९५**

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको स्वामित्वमा रहेको सनराइज क्यापिटल लिमिटेडको संस्थापक शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्वन्धी सूचना

**आवेदन पेश गर्ने शुरु मिति : २०७७/०६/०६ गते**
**आवेदन पेश गर्ने अन्तिम मिति : २०७७/०६/२० गते**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको स्वामित्वमा रहेको सनराइज क्यापिटल लिमिटेडको संस्थापक समूहको प्रति शेयर रु.१००/- अंकित दरको जम्मा ४,२८,५८० कित्ता शेयर बिक्री गर्ने भएको हुंदा उक्त शेयरहरु खरीद गर्न संस्थापक शेयरधनी/संगठित संस्था/बैंक तथा वित्तीय संस्थाहरुले **मिति २०७७ साल आश्विन महिना २० गते** भित्र आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु काठमाडौंमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी आवेदन पेश गर्न आह्वान गरिन्छ ।

**बिक्री गरिने संस्थापक शेयर : ४,२८,५८० कित्ता**

**शर्तहरुः**

१. यस बोलकवोल प्रक्रियामा संस्थापक शेयरधनी/संगठित संस्था/बैंक तथा वित्तीय संस्थाहरु मात्र सहभागी हुन सक्नेछन् ।

२. बोलपत्र आवेदन फाराम कार्यालयबाट रु १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ । कम्पनीमा उपस्थित भै दरखास्त फारम संकलन गर्न असमर्थ भएमा बिक्री प्रबन्धक वा निष्काशन कम्पनीको वेवसाइटबाट पनि दरखास्त फारम डाउनलोड गर्न सकिनेछ तर त्यस्तो डाउनलोड गरी भरिएको फारम शिल गर्न अगावै दरखास्त फारम बापत लाग्ने रु. १०० /- सम्बन्धित कार्यालयलाई भुक्तानी गरी डाउनलोड गरिएको दरखास्त फारममा सम्बन्धित कार्यालयको छाप अनिवार्य गरिएको छ । माथि उल्लेखित कार्यालयबाट दरखास्त फाराम संकलन गरी आवेदन दिनचाहने आवेदनकर्ताहरुले सम्बन्धित कार्यालयको छाप लगाएको आवेदन फारम खरिद गरी लिनु पर्नेछ । छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।

३. आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दररेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाँउमा दस्तखत गर्नु पर्नेछ ।

४. शेयर खरीदको लागि आवेदनगर्दा एक मुष्ठ ४,२८,५८० कित्ताको लागि आवेदन दिनु पर्नेछ ।

५. शेयरको न्युनतम मूल्य प्रति शेयर रु २०५/८२ (अक्षरेपी दुई सय पाँच रुपैया बयासी पैसा मात्र) तोकिएको हुँदा उक्त मूल्य भन्दा कम मूल्य अंकित गरि पेश गरेको आवेदनलाई बोलकबोल मुल्यांकनमा समावेश गरिने छैन ।

६. शिलबन्दी खाम बाहिर "**सनराइज क्यापिटल लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ । शिलबन्दी आवेदन लाहा छाप गरिएको हुनु पर्नेछ ।

७. खरिद कर्ताले आफूले खरीद गर्न चाहेको शेयरको धरौटी वापत जम्मा मूल्यको शत् प्रतिशत वरावरको रकम बिक्री प्रबन्धक आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको राष्ट्रिय बाणिज्य बैंक लि., टेकु शाखा, काठमाण्डौंमा रहेको खाता नं. १७००१००००२१६२००१ मा Fund Transfer (IPS वा RTGS वा अन्य विद्युतीय माध्यम) बाट बुझाएको खण्डमा सो को Transaction copy को प्रति वा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको नाममा खिचिएको Good for Payment Cheque संलग्न गरी आवेदन पेश गर्नु पर्नेछ । आवेदकले पेश गरेको Good for Payment Cheque लाई आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको बैंक खातामा जम्मा हुने गरि Clearing गर्ने व्यवस्था मिलाइने छ । यदि चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।साथै Good for Payment Cheque को Clearing शुल्क बापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ । छनौटमा नपरेका आवेदकहरुको रकम फिर्ता भुक्तानी IPS मार्फत गर्ने व्यवस्था मिलाइने छ ।

८. प्राप्त आवेदनहरु मध्ये छनौट भएका आवेदनहरु सम्बन्धित निकायबाट स्वीकृत भए पछि आवश्यक प्रकृया पुरा गरि नेपाल धितोपत्र बोर्डमा धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को शंसोधित नियमावली, २०७६ अनुरुप नियम १० को उपनियम (५) र (६) बमोजिम अभिलेख गराई स्वीकृती भए पश्चात सोको जानकारी छनौट भएका आवेदकलाई गराईने छ । यस्तो जानकारी आवेदकले उपलब्ध गराएको ठेगानामा हुलाक, कुरियर वा विद्युतिय संचार माध्यम मार्फत पठाईने छ ।

९. सबै भन्दा बढी दर रेटमा खरिद माग गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ ।

१०. इच्छुक लगानीकर्ताहरुले आवेदनमा हितग्राही खाता नं. र बैंक खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । हितग्राही खाता नहुने आवेदकले आरविवि मर्चेण्ट बैंकिङ्गलि. वा आधिकारीक निक्षेप सदस्यकहाँ सम्पर्क गरी हितग्राही खाता खोल्न सक्नु हुनेछ ।

११. कुनै शर्त राखी पेश गरेको आवेदनलाई मान्यता दिईने छैन । म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

१२. आवेदकले दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, अध्यावधिक शेयर लगत, प्रवन्धपत्र नियमावली तथा पछिल्लो दुई वर्षको आर्थिक प्रतिवेदन समेत पेश गर्नु पर्नेछ । साथै उक्त संस्था नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेण्ट बैकर)लाई जारी निर्देशन अनुसार संस्थापक शेयर खरिद गर्न योग्य हुनु पर्नेछ ।

१३ शेयरको आवेदन मिति २०७७/६/२० गते कार्यालय समयभित्र आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौंमा दर्ता भई सक्नु पर्नेछ ।

१४. मिति २०७७/६/२२ गते बिहान १०:३० बजे आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौंमा प्राप्त आवेदनहरु खोलिने छ । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको अपरान्ह ३:०० बजे खोलिनेछ ।

१५. बाँडफाँडमा परेका आवेदनको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोबार तथा नामसारी गरिनेछ ।

१६. माथि उल्लेखित कुराहरुमा जे सुकै कुरा लेखिएको भएता पनि प्राप्त बोलपत्रहरु खोलि वा नखोलि, कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ ।

१७. बोलपत्र स्विकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website: www.rbbmbl.com.np मा हेर्न सक्नुहुनेछ ।

**बिक्री प्रबन्धकः**

आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड
RBB MERCHANT BANKING LIMITED
A subsidiary company of Rastriya Banijya Bank Ltd.

**आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड**
**पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ, नेपाल**
**फोनः ५३४३२६५, ५३४०९३२, ५३४०९३३, फ्याक्सः ५३४५०१८**
E-mail: rbbmbl@rbbmbl.com.np